**सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नामः**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

**सूचना सार्वजनिक गरेको अवधिः** २०७९ पौष देखि २०७९ चैत्र मसान्त सम्म

## १. कार्यालयको स्वरुप र प्रकृति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रिपरिषद, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसंगको सम्पर्क र समन्वय। कर्णाली प्रदेश, प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्य जिम्मेवारीहरू अन्तर्गत पर्ने कार्यहरू सम्पादन गर्न यस कार्यालयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०७५।०४।०९को पत्रसाथ प्राप्त पछिल्लो संगठन संरचनाले देहायको सङ्गठन संरचनाको व्यवस्था गरेको छ।

### क) दुरदृष्टी

नेपालको संविधान तथा कानूनद्धारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

### ख) उद्देश्य

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाइ प्रदेशको विकास र समृद्धि हासिल गर्ने।प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाइ शासकीय सबलीकरण गर्ने।

### ग) रणनीतिः

अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण गर्ने।मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने। प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वय गर्ने। प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।


## २. कार्यक्षेत्रः

यस कार्यालयले सम्पादन गर्नेपर्ने कार्यहरु देहायनुसार रहेका छन्

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।

- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन गर्ने।
- प्रदेश सरकरो नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तसम्बन्ध प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कनूनको तर्जुमा र कार्यान्वयन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्न।
- प्रदेशस्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरको तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्रही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठनक संरचना



**४.निकायमा रहने शाखा र प्रदान गरिने सेवाः**

| क स | कार्यजिम्मेवारीहरू | जिम्मेवार महाशाखा |
|---|---|---|
| १ | प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी | प्रशासन तथा बैठक महाशाखा |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | प्रशासन तथा बैठक महाशाखा |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण | प्रशासन तथा बैठक महाशाखा |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन | प्रशासन तथा बैठक महाशाखा |
| ८ | प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुकोअद्यावधिक जानकारी र सम्बोधन | प्रशासन तथा बैठक महाशाखा |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय | कानून तथा संवैधानिक मामिला महाशाखा |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वासहमति कार्यान्वयन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १४ | प्रदेशप्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन | प्रशासन तथा बैठक महाशाखा |
| १५ | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध | शासकीय सुधार तथा समन्वय महाशाखा |

| | | |
|---|---|---|
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १९ | प्रदेशनिजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथामापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन | शासकिय सुधार तथा समन्वय महाशाखा |
| २० | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २२ | प्रदेशस्तरमासार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टिसर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा | कानून तथा संवैधानिक मामिला महाशाखा |

## ५. निकायबाट सम्पादन हुने कार्यहरु

- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्ने गराउने।
- संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।
- प्रदेश सरकार र मातहत निकायबाट कार्यजिम्मेवारी अनुसारका नीति, कार्यक्रम तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनको व्यवस्था मिलाउने।
- प्रदेश सरकार र मातहत निकायबाट सम्पादित कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा निर्देशन गर्ने।
- प्रदेश सरकारका संगठन तथा जनशक्ति व्यवस्थापन गर्ने।
- संविधान तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार कार्यालयको कार्यजिम्मेवारीका कार्यहरु गर्ने।

## ६. निकायमा रहने कर्मचारीहरुको संख्या र कार्य विववरण

| क्र.सं | कर्मचरीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री डा.गोपीकृष्ण खनाल | प्रमुख सचिव | | ९८५८००४४४४ |
| २ | श्री आनन्द सारु | सचिव | शासकिय सुधार तथा समन्वय महाशाखा | ९८५१२२९३०१ |
| ३ | श्री शंकर के.सी. | सचिव कानून | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८५११९९६३६ |
| ४ | श्री नेत्र बहादुर कार्की | अधिकृत नवौं | माननीय मुख्यमन्त्रीज्यूको सचिवालय | ९८४९२१३३८९ |

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री बीरेन्द्र बहादुर के सी | उप सचिव | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८४३०१७४१३ |
| ६ | श्री कृष्णप्रसाद खरेल | उप सचिव | शासकीय सुधार शाखा | ९८५८०४४५६८ |
| ७ | श्री बम बहादुर नेपाली | शाखा अधिकृत | मानब अधिकार प्रवद्धन शाखा | ९८४८०४८८१२ |
| ८ | श्री युवराज न्यौपाने | शाखा अधिकृत | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४७०६८९१३ |
| ९ | श्री राम बहादुर सारु | अधिकृतस्तर सातौ | शासकीय सुधार शाखा | ९८४८०४८२२३ |
| १० | श्री गिता बरै मगर | शाखा अधिकृत | प्रशासन तथा मानव संशाधन विकास | ९८४८०४१५९६ |
| ११ | श्री सर्वदल शाही | शाखा अधिकृत | प्रशासनशाखा | ९८४८०५०३४० |
| १२ | श्री सरस्वती सापकोटा | शाखा अधिकृत | अभिलेख शाखा | |
| १३ | श्री टेक बहादुर वली | शाखा अधिकृत | अभिलेख शाखा | |
| १४ | श्री अर्जुन पौडेल | अधिकृतस्तर छैठौं | प्रशासनशाखा | ९८४८०३८७९४ |
| १५ | श्री पार्वती वली | अधिकृतस्तर छैठौं | शासकीय सुधार शाखा | ९८४८००३१६८ |
| १६ | श्री नवराज शर्मा | अधिकृतस्तर छैठौं | माननीय मुख्यमन्त्रीज्यूकोनिजी सचिवालय | ९८४८०६१६९२ |
| १७ | श्री रमेश प्रसाद पाण्डेय | अधिकृतस्तर छैठौं | प्रमुख सचिवज्यूको सचिवालय | ९८४८०५१६१२ |
| १८ | श्री ज्योती शाही | कम्प्युटर अधिकृत छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८१७९२१८ |
| १९ | श्री भुवन कंडेल | कम्प्युटर अधिकृत छैटौं | प्रशासन तथा बैठक महाशाखा | ९८४८०७५८३४ |
| २० | श्री रत्ना पौडेल | अधिकृतस्तर छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८६८६४४६०१ |
| २१ | श्री संदिप शर्मा | कम्प्यूटर सहायक पाँचौं | बैठक शाखा | ९८४८१४०६७५ |
| २२ | श्री चन्द्र बहादुर मन्दिर | कम्प्यूटर सहायक पाँचौं | माननीय मुख्यमन्त्रीज्यूकोनिजी सचिवालय | ९८४८२३०३१२ |
| २३ | श्री विनोद रेग्मी | सहायकस्तर पाँचौं | कानून महाशाखा | ९८६६७०८७०८ |
| २४ | श्री दलबहादुर बुढा | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८०६८९३७ |
| २५ | श्री नविन ढकाल | सहायकस्तर पाँचौं | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४८०८८८९७ |
| २६ | श्री निरञ्जना रेग्मी | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८१५७१९५ |
| २७ | श्री कालिप्रसाद पौडेल | सहायकस्तर पाँचौ | माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय | ९८४८०४७५४४ |
| २८ | श्री दुर्गा बराल मगर | कम्प्युटर सहायक पाँचौ | आर्थिक पूर्वाधार शाखा | ९८४४८६३१७३ |
| २९ | श्री शोभा वास्कोटा | सहायकस्तर पाँचौं | प्रशासन शाखा | ९८६८१०९३८५ |
| ३० | श्री प्रदिप बस्नेत | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४४८०५१४४ |
| ३१ | श्री दिपेन्द्र कुमारसिंह | लेखा सहायक | आर्थिक प्रशासन शाखा | ९८६८०३१७६८ |
| ३८ | श्री ढुण्डीराज खरेल | हलुका सवारी चालक | ह.स.चा | ९८६६५३८८८८ |
| ३९ | श्री तिलक प्रसाद ज्ञवाली | हलुका सवारी चालक | ह.स.चा | ९८४८१५६५२४ |
| ४० | श्री सागर भट्टराई | हलुका सवारी चालक | ह.स.चा | ९८४८२८१२०४ |
| ४१ | श्री धर्मराज शाही | हलुका सवारी चालक | ह.स.चा. | ९८६९७०९३२४ |
| ४२ | श्री टेक वहादुर थापा | हलुका सवारी चालक | ह.स.चा | ९८६८१०२४५० |
| ४३ | श्री खेम बहादुर सिंह ठकुरी | हलुका सवारी चालक | ह.स.चा. | ९८४८१७४५८६ |
| ४४ | श्री सोनम चौधरी | कार्यालय सहयोगी | का.स. | ९८४८१६९९६६ |
| ४५ | श्री मोहन सिंह खड्का | कार्यालय सहयोगी | का.स. | ९८४८२३२११९ |
| ४६ | श्री दुर्गा प्रसाद रताला | कार्यालय सहयोगी | का.स. | ९८४४८९१६३६ |
| ४७ | श्री कौशिला थापा | कार्यालय सहयोगी | का.स. | ९८४८०८५५५७ |
| ४८ | श्री सीता सार्की | कार्यालय सहयोगी | का.स. | ९८४८०७९०९२ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | श्री हरिलाल गौतम | कार्यालय सहयोगी | का.स. | ९८४८०३७५९४ |
| ५० | श्री गौरी रावत | कार्यालय सहयोगी | का.स. | ९८२२४६२११० |
| ५१ | श्री पार्वती खड्का | कार्यालय सहयोगी | का.स. | |
| ५२ | श्री विरिन्दा धमला | कार्यालय सहयोगी | का.स. | ९८६८७६८२७६ |

## ७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

## ८. निकाय प्रमुख र सूचना अधिकारी नाम र पद

**प्रमुखः** प्रमुख सचिव डा.गोपीकृष्ण खनाल

**सूचना अधिकारीः** उपसचिव श्री कृष्ण प्रसाद खरेल

## ९. सम्पादन गरेको कामको विवरण

- माननीय मुख्यमन्त्री राजकुमार शर्माको प्रमुख आतित्थतामा प्रदेशका सम्पूर्ण मन्त्री, सचिव लगायत नेतृत्व तहमा रहनुभएका उच्च पदस्थ व्यक्तित्वहरुको सहभागितामा नेतृत्व तह बैठक तथा अन्तर्क्रिया कार्यक्रम मिति २०७९।१०।१७ गते प्रदेश सुशासन केन्द्रको सभाहलमा सम्पन्न भएको।
- प्रदेश मातहतका विभिन्न सरकारी निकायहरुको व्यवस्थापन परीक्षण गर्ने क्रममा सल्यान र जाजरकोट जिल्लाका ६/६ वटा सरकारी कार्यालयहरुको व्यवस्थापन परीक्षण सम्पन्न भएको।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत बजेट पठाउन छुट भएका ३७ वटा वडामा बजेट पठाइएको।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना संशोधनको लागि विभिन्न स्थानीय तहबाट अनुरोध भए बमोजिम संशोधन गरी कर्णाली प्रदेश योजना आयोग मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको छ।
- कर्णाली प्रदेश लोकसेवा आयोगबाट प्रदेश/स्थानीय तहका लागि सिफारिस भई आएका नयाँ कर्मचारीहरुको सिटरोल फाराम दर्ता गर्ने कार्य भइरहेको। जसमा हालसम्म स्थानीय तहमा ४६० र प्रदेश तहमा १४९ जना नवनियुक्त कर्मचारीहरुलाई अस्थायी सिटरोल नम्बर प्रदान गरिएको।
- प्रदेश सरकारका मा. मुख्यमन्त्री तथा मा. मन्त्रीज्यूहरु र सचिवालय तर्फका कर्मचारीहरुको पद बहालि भएको ६०(साठी) दिन भित्र सम्बन्धित निकायमा दर्ता र राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइटमा Online Entry गरी यस कार्यालयमा कुल जम्मा ४२ थान सम्पत्ति विवरण खामबन्दी रहेको।
- प्रदेश/स्थानीय तहमा नवनियुक्त कर्मचारीहरुको पद बहालि भएको ६० (साठी) दिन भित्र सम्बन्धित निकायमा दर्ता र राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइटमा Online Entry गरी यस कार्यालयमा संकलन गर्ने कार्य भइरहेको। जसमा हालसम्म प्रदेश तहमा १९० र स्थानीय तहमा ४९५ थान सम्पत्ति विवरण खामबन्दी प्राप्त भएको।
- किताबखाना (निजामती) मा दर्ता गर्ने तथा अन्तर्गत निकायहरुमा समायोजन तथा कामकाजमा रहेका सम्पूर्ण कर्मचारीहरुको विवरण संकलन तथा अभिलेख अध्याविधक गर्नका लागि कार्यदल गठन भई कार्य गरिरहेको।

# मुख्यमन्त्रीतथा मन्त्रपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्मा पेश भएका निर्णयहरु

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेशका विभिन्न भौगोलिक क्षेत्रमा स्वीकृत दरबन्दीमा सेवा करारमा कार्यरत कर्मचारीलाई आ.व. २०७९/८० को साउन १ गते देखि लागु हुने करार सम्झौतामा उल्लेख गरी देहायको रकम कर्णाली प्रोत्साहन भत्ताको रुपमा उपलब्ध गराउने।
<table>
<tr><td>१.</td><td>सुर्खेत</td><td>४,०००/-</td></tr>
<tr><td>२.</td><td>सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेख</td><td>६,०००/-</td></tr>
<tr><td>३.</td><td>कालिकोट र जुम्ला</td><td>८,०००/-</td></tr>
<tr><td>४.</td><td>मुगु, डोल्पा र हुम्ला</td><td>१०,०००/-</td></tr>
</table></td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेश सरकारका पूर्व आर्थिक मामिला तथा योजना मन्त्री श्री विन्दमान विष्ट अकस्मात विरामी भई सुर्खेत र काठमाण्डौका विभिन्न अस्पतालहरुमा मिति २०७९/०३/२५ देखि २०७९/०४/१० सम्म उपचार गराउनु भएकोमा उपचारको सिलशिलामा भएको खर्चको विवरण तथा विल/भरपाई बमोजिमको उपचार खर्च वापत रु. ३,१४,१६९.४३ (तीन लाख चौध हजार एक सय उनान्साठी रुपैंयाँ त्रिचालीस पैसा मात्र) भुक्तानी दिने।</td></tr>
<tr><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>संघीय सशर्त अनुदानमार्फत् कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तर्गतको सडक कार्यालय रुकुम (पश्चिम) चौरजहारीबाट कार्यान्वयन हुने गरी बजेट उपशिर्षक नं.३३७९११३२ "गुमी पातिहाल्ना चौर सुर्खेत सडक", कार्यक्रम अन्तर्गत "जरे-शिवनगर-गुमी-पातिहाल्ना राकम सडक सुर्खेत" को लागि चालु आ.व.०७९/०८० मा विनियोजित बजेट रकम रु. ९,००,००,०००।— (नौ करोड रुपैयाँ) उक्त कार्यक्रम कार्यान्वयनको लागि पर्याप्त नभएको र सो कार्यक्रम स्रोत सुनिश्चितता गरी वहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न उपयुक्त हुने देखिएकोले संघीय सरकारबाट नै कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन संघीय सरकार समक्ष अनुरोध गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७९ स्वीकृत गर्ने</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>नेपाल पत्रकार महासंघलाई केन्द्रिय साधारण सभाको लागि प्रदान गरिने आर्थिक सहयोग/अनुदान सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।</td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>आर्थिक वर्ष २०७८/०७९ को भुक्तानी बाँकी रकम व्यवस्थापन गर्ने।</td></tr>
</table>

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको पहिलो अधिवेशन मिति २०७९/९/१८ गते सोमबार दिनको १:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. कर्मचारी अभिलेख शाखाले तत्कालको समस्या समाधानका लागि नयाँ नियुक्ति भएका कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) संकलन गरी म्यानुअल रुपमा दर्ता गरी कर्णाली प्रदेशमा सिफारिस भएका कर्मचारीको हकमा संकेत नम्वर K00001 बाट र  स्थानीय तहमा सिफारिस भएका कर्मचारीको हकमा संकेत नम्वर KL0001 बाट शुरु गरी अस्थायी संकेत नम्बर प्रदान गर्ने, <br>कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) प्रमाणीकरणको कार्य प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा हेर्ने सचिवबाट हुने |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मन्त्रालय | कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यको सचिवालय व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ स्वीकृत गर्ने |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मन्त्रालय | संघीय समपूरक तथा विशेष अनुदान माग गर्ने |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | हेलिकप्टरबाट ढुवानी भएको गाडीको ढुवानी रकमको व्यवस्थापन गरी भुक्तानी गर्ने कार्यलाई स्वीकृति प्रदान गर्ने |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रादेशिक पत्रकारिता पुरस्कार वितरण सम्बन्धी विषयलाई स्वीकृति प्रदान गर्ने |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | कर्णाली उज्यालो कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने |
| सामाजिक विकास मन्त्रालय | पदक विजेता खेलाडीलाई पुरस्कार वितरण गर्न स्वीकृति |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्वत् २०७९ मा सम्पन्न कर्णाली प्रदेश सभाको निर्वाचन पश्चात गठित कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को पहिलो बैठक आज मिति २०७९ साल माघ ४ गते दिनको ४ बजे बसी कर्णाली प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहकार्यमा वार्षिक दस हजार रोजगारी सिर्जना गर्ने लक्ष्यका लागि ठोस कार्ययोजना सहितको मार्गचित्र निर्माण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यूको |

| | |
|---|---|
| | संयोजकत्वमा "समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना निर्माण कार्यदल" गठन गर्ने निर्णय भयो। कार्यदललाई ३० कार्यदिन भित्र कर्णाली प्रदेशमा रोजगारीसँग सम्बन्धित सार्वजनिक, निजी, तथा सामुदायिक कार्यक्रमको नक्साङ्कन गर्ने, कर्णाली प्रदेशमा रोजगारी सृजनाका लागि तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने, रोजगारीको लागि आधारभूत तथ्याङ्क सहितको बेसलाइन सूचना सङ्कलनको लागि प्रश्नावली तयार गरी यसको सङ्कलन विधिको खाका तयार गर्ने र कर्णाली प्रदेशमा रोजगारी सिर्जनाका लागि एक विस्तृत कार्ययोजना सहित यस सम्बन्धी मार्गचित्र तयार गर्ने जिम्मेवारी दिइएको छ। कार्यदलको सचिवालयको कार्य कर्णाली प्रदेश योजना आयोगले गर्ने छ। साथै, कार्यदलले तयार गर्ने समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजनामा रोजगारीसँग सम्बन्धित मौजुदा सङ्घ, प्रदेश र स्थानीय तहका र दातृ निकायका कार्यक्रमको सूची र अवस्थाको विश्लेषण, कर्णाली प्रदेशमा रोजगारी सिर्जना गर्न सकिने सम्भावित तुलनात्मक लाभका क्षेत्रहरू, कर्णाली प्रदेशमा निजी लगानीको अवस्था र निजी लगानी आकर्षण गर्न सकिने क्षेत्रहरू, रोजगारीको खाका सहितको कार्ययोजना, कार्ययोजनाको लागि स्रोतको प्रक्षेपण र लगानीकर्ताहरू, आधारभूत तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, आधारभूत तथ्याङ्क सङ्कलनको वेबपोर्टल खाका निर्माण र यसको व्यवस्थापनका पक्षहरु, रोजगारी सिर्जनाका लागि विषयगत क्षेत्रको कार्य जिम्मेवारी बाँडफाँडको खाका, रोजगारी सिर्जनामा प्रविधि प्रयोगको खाका र कार्यदलले उचित ठहऱ्याएका अन्य विषयहरू समावेश गर्नुपर्ने निर्णय भएको छ। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश राजधानी वीरेन्द्रनगर, सुर्खेतलाई व्यवस्थित, आकर्षक र पूर्वाधारयुक्त नगरको रुपमा विकास गर्न वीरेन्द्रनगर पालिकासँग सहकार्य गरी नगरको स्थानगत एकीकृत विकास योजना निर्माण गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालयको संगठन तथा व्यवस्थापन, बजेट तथा कार्यक्रम कार्यान्वयन र कार्य जिम्मेवारी सम्बन्धमा देहायबमोजिम गर्नेः-<br>१. चालु आ.व. २०७९/०८० को असार मसान्तभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय र मातहतमा रहने संरचना र दरबन्दीको निक्यौंल गर्ने,<br>२. एकीकृत मन्त्रालयको नाममा चालु आ.व.को असार मसान्तसम्म साविकमा दिइएको अख्तियारी अनुसार नै बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने,<br>३. हाल कार्यरत प्रदेश सचिव (भौतिक पूर्वाधार तर्फ र ऊर्जा तथा जलस्रोत तर्फ) हरुले साविकको कार्यजिम्मेवारी अनुसारकै कार्यक्षेत्रमा कामकाज गर्ने र एक अर्काको अनुपस्थितिमा एकले अर्काको कार्यसम्पादन गर्ने। |

| | |
|---|---|
| | |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्य,<br>१. कर्णाली प्रदेश सरकारको प्रवक्ता आन्तरिक मामिला तथा कानून मन्त्रीलाई तोक्ने।<br>मन्त्रिपरिषद्को बैठक २०७९ फागुनदेखि प्रत्येक महिनाको दोस्रो र चौंथो हप्ताको बुधबार दिनको ४:०० बजे बस्ने। |
| भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय | एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, २०७९ स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेशभर प्रदेश र स्थानीय तहका कार्यालयका लागि मात्र वि.स. २०७९ फागुन १ गते सोमबार जनयुद्ध दिवसको सार्वजनिक विदा दिने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९" स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | “कर्णाली प्रदेश सुशासन नियमावली, २०७९” स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवको जिम्मेवारीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री आनन्द सारुलाई तोक्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | “विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९” स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम दैलेख जिल्ला, चामुण्डा विन्द्रासैनी नगरपालिका, वडा नं. ४ निवासी योगेन्द्र बहादुर शाहीलाई कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्षमा नियुक्ति गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रुकुम पश्चिम जिल्ला, मुसिकोट नगरपालिका, वडा नं. ५ बस्ने श्री भरत कुमार शर्मालाई प्रमुख प्रशासनिक सल्लाहकार (विज्ञ) का रुपमा नियुक्ति गर्ने र नेपाल राष्ट्र बैंक, काठमाडौंमा कार्यरत उपनिर्देशक डा. सालिकराम पोखरेललाई वरिष्ठ आर्थिक सल्लाहकार (विज्ञ) का रुपमा काजमा खटाइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथ संचालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

<table>
<tr><td>भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय</td><td>खाद्य अधिकार तथा सम्प्रभुता (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने।</td></tr>
<tr><td>भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय</td><td>वन क्षेत्रको जग्गा प्राप्त गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ मा रहेको कि.नं. ४ र कि.नं. ७ (नक्सा नं. २९११२९०७) क्षेत्रफल १२६४६ वर्ग मिटर जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत प्रदेश मन्त्रालयको एकीकृत प्रशासकीय भवन निर्माण गर्नको कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराइदिन सम्बन्धित निकाय मार्फत नेपाल सरकार समक्ष सिफारिस तथा अनुरोध गर्ने ।</td></tr>
<tr><td>भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय</td><td>अस्थायी संगठन संरचना स्वीकृत गर्ने सम्बन्धमा।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश भित्र वि.सं. २०८० सालमा निम्न दिनहरुमा सार्वजनिक बिदा दिने र सोको सूचना राजपत्रमा प्रकाशन गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>पर्व/दिवसहरु</th><th>मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">धान दिवश</td><td>असार १५ गते बुधबार</td><td>प्रदेशका जुम्ला बाहेक ९ जिल्ला</td></tr>
<tr><td>चैत्र १२ गते आइतबार</td><td>जुम्ला जिल्लामा मात्र</td></tr>
<tr><td>२.</td><td>साउने संक्रान्ति तथा देउडा पर्व</td><td>साउन १ गते आइतबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>३.</td><td>प्रदेश स्थापना तथा शहिद दिवस</td><td>भाद्र ४ गते शनिबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>४.</td><td>चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेला</td><td>असोज कृष्ण त्रयोदशी</td><td>जुम्ला जिल्लाका प्रादेशिक र स्थानीय तहका कार्यालय मात्र</td></tr>
<tr><td>५.</td><td>चैत दशैं</td><td>चैत शुक्ल अष्टमी</td><td>प्रदेशभर</td></tr>
<tr><td>६.</td><td>राम नवमी</td><td>चैत शुक्ल नवमी</td><td>प्रदेशभर</td></tr>
</table>
तिथि अनुसार दिइने विदाको मिति आन्तरिक मामिला तथा कानून मन्त्रालयको तत् तत् समयमा निर्णय गरी सार्वजनिक गर्ने</td></tr>
</table>

**नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरुको सूचीः**

| | |
|---|---|
| १ | प्रदेश लोक सेवा आयोगको विधेयक पहिलो संशोधन सहित. |
| २ | कार्य विभाजन दोस्रो संशोधन नियमावली २०७४ |
| ३ | कार्य सम्पादन तेस्रो शंसोधन नियमावली २०७४ |
| ४ | कार्य सम्पादन दोस्रो संशोधन नियमावली २०७४ |
| ५ | सञ्चितकोष नियमावली, २०७५ |
| ६ | सार्वजनिक लिखत प्रमाणिकरण नियमावली |
| ७ | एकीकृत बस्ती कार्यक्रम सञ्_चालन कार्यविधि, २०७८ |
| ८ | प्रदेशको वित्तीय जोखिम न्यूनीकरण कार्यविधि २०७८ |
| ९ | मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ |
| १० | अनुदान व्यवस्थापन कार्यविधि नियम |
| ११ | कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि |
| १२ | कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ |
| १३ | जीविकोपार्जन कार्यविधि पहिलो संशोधन सहित |
| १४ | प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्यविधि |
| १५ | प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ |
| १६ | प्राविधिक जनशक्ति सेवा करार छनौट गर्ने कार्यविधि, २०७७ पहिलो संशोधन |
| १७ | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८ |
| १८ | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि |
| १९ | बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि |
| २० | बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको कार्यविधि संशोधन |
| २१ | बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| २२ | मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्_चालन कार्यविधि, २०७८ |
| २३ | श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि |
| २४ | एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ |
| २५ | कर्णाली प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७ |
| २६ | कर्णाली प्रदेश मन्त्रिपरिषद सदस्यको आचार संहिता |
| २७ | हाम्रा कुरा मुख्यमन्त्री विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका |

## आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**चालुतर्फको जम्मा** **बजेटः**१९,५४,५२,०००।०० **खर्चः** ७,९६,१७,१८१।०६

**बाँकीः** ११,५६,२४,८१८।९४

**पुँजिगततर्फको जम्मा** **बजेटः** ४९,२३,७०,०००।०० **खर्चः** ५७,८०,२२५।००

**बाँकीः** ४,३४,५६,७७५।००